# नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको
## दोस्रो वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)
(पाना नं. १ देखि ५ सम्म अभिलेख)

१. **बैधानिक सभा**

नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको मिति २०७७ साल कार्तिक २ गते (तदनुसार १८ अक्टोबर २०२०) बसेको सञ्चालक समितिको ७२औं बैठकको निर्णयानुसार बोलाईएको दोस्रो बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अनुज अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय**

मिति : २०७७ साल मंसिर ३ गते (तदअनुसार १८ नोभेम्बर २०२०) बुधबार,
स्थान : काठमाण्डौं १०, बानेश्वर स्थीत बैंकको रजिष्टर्ड कार्यालय,
सभा शुरु हुने समय : अपरान्ह ४ बजे ।
(कोभिड-१९ महामारीको जोखिमका कारण साधारण सभामा अनलाईन प्रविधि मार्फत समेत सहभागी हुनसक्नेगरी शेयरधनी महानुभावहरुलाई Conference को Link र ID/ Password उपलब्ध गराउने व्यवस्था समेत गरिएको ।)

३. **उपस्थिति**

**सञ्चालकहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १. श्री अनुज अग्रवाल (प्रतिनिधि, विशाल ग्रुप लिमिटेड) | अध्यक्ष | प्रत्यक्ष उपस्थित |
| २. श्री श्रीकृष्ण नेपाल (प्रतिनिधि, नेपाल सरकार) | सञ्चालक | प्रत्यक्ष उपस्थित |
| ३. श्री चन्द्र प्रसाद ढकाल (प्रतिनिधि, आइएमई लिमिटेड) | सञ्चालक | अनलाईन माध्यमबाट उपस्थित |
| ४. श्री लालमणि जोशी (प्रतिनिधि, इमर्जिङ्ग नेपाल लिमिटेड) | सञ्चालक | अनलाईन माध्यमबाट उपस्थित |
| ५. श्री रामकृष्ण खतिवडा (स्वतन्त्र सञ्चालक) | सञ्चालक | प्रत्यक्ष उपस्थित |

**नोटः** काबुबाहिरको परिस्थिति परी संचालक श्री चन्द्र प्रसाद ढकाल र संचालक श्री लालमणि जोशी स्वयं उपस्थित हुन नसकि भिडियो कन्फरेन्स (अनलाईन प्रबिधि) मार्फत सभामा उपस्थित हुनु भएको ।

**पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| क) | श्री अनिल ज्ञवाली | - प्रमुख कार्यकारी अधिकृत |
| ख) | श्री भुपेन्द्र पाण्डे | - नायव प्रमुख कार्यकारी अधिकृत |
| ग) | श्री सुर्य बहादुर तामाङ्ग | - नायव महाप्रबन्धक (बिजनेस) |
| घ) | श्री विनयनाथ न्यौपाने | - नायव महाप्रबन्धक (जोखिम एवं संचालन) |
| ङ) | श्री सुवर्ण कुमार सिंह | - प्रमुख, जोखिम व्यवस्थापन |
| च) | श्री विशाल शाक्य | - प्रमुख, सूचना प्रविधि |
| छ) | श्री इश्वर बन्धु गौतम | - प्रमुख, कानुन एवं कम्पनी सचिव |

४. **सभाको सूचना तथा आवश्यक विवरण**

प्रथम वार्षिक साधारण सभा बस्ने बारेको सूचना मिति २०७७/०७/०५ र मिति २०७७/०७/१९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनीकमा प्रकाशित गरिनुका साथै बैंकको वेबसाईटमा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो । साधारण सभा बस्ने बारेको सूचना तथा आ.व.

Nepal Infrastructure Bank Ltd. ★ Kathmandu ★ NIFRA